# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौँ
बागमती प्रदेश, नेपाल

## न्यायिक समितिबाट

## २०८० साउन देखि पौष मसान्त सम्मको कार्य प्रगति विवरण

| सि.नं. | उजुरीको प्रकार | मुद्दाको विवरण | फछ्र्यौटको विवरण | फछ्र्यौट हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | उजुरी नालेश संख्या | २९ | | | |
| २ | प्रतिवाद (प्रतिउत्तर) दर्ता | २७ | | | |
| ३ | विपक्षीको नाउँमा म्याद जारी भई प्रतिउत्तर दर्ता हुन बाँकी रहेको | २ | | | |
| ४ | विचाराधिन मुद्दा संख्या | ११ | | | मेलमिलापको प्रकृयामा रहेको |
| ५ | **मुद्दाको प्रकार** | | | | |
| | क) घर बहाल/घर कोठा खाली गराउने | १ | १ | | |
| | ख) सार्वजानिक बाटो विवाद | ३ | १ | २ | |
| | ग) घर तथा जग्गा खिचोला | १३ | ६ | ७ | |
| | घ) लेनदेन | ६ | ४ | २ | |
| | ङ) पालनपोषण | २ | २ | | |
| | च) ढल तथा प्रदुषण विवाद | २ | २ | | |
| | छ) अन्य विवाद | २ | २ | | |
| ६ | **मिलापत्र** | | ४ | | |
| | **जम्मा** | **२९** | **१८** | **११** | |

## न्यायिक समितिबाट भएका तालिमको विवरण :

यस नगरपालिकामा रहेको १५ वडाहरूमा रहनु भएका वडा अध्यक्ष र वडा सचिवलाई कार्य सम्पादनको सिलसिलामा आईपर्ने कानुनी व्यवस्थालाई समेत मनन् गरी कार्य सम्पादनलाई अझ प्रभावकारी बनाउन मिति २०८० साउन ३२ गते **“न्यायिक समिति, वडा अध्यक्ष र वडा सचिवहरूको लागि आयोजित कानूनी सचेतना सम्बन्धी तालिम कार्यक्रम”** सञ्चालन गरिएको थियो ।

“हाम्रो समस्या हाम्रै समाधान” भन्ने मुल मर्मका साथ सुचिकृत मेलमिलापकर्ताहरूका लागी **पुनर्ताजगी तालिम** न्यायिक समितिको आयोजनामा मिति २०८० असोज ०४ देखि ०६ गते सम्पन्न गरियो । स्थानीय तहमा रहेका विवादहरूलाई न्यायिक समितिको माध्यमबाट समाधान गरि स्थानीय तहमा नै न्यायमा पहुँच विस्तार गर्नका लागी नेपालको संबिधानले व्यवस्था गरेको छ । स्थानीय न्यायिक समितिलाई विवादको निरुपण र मेलमिलाप गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अधिकार प्रदान गरेको छ । न्यायिक समितिको न्याय सम्पादन कार्यका लागी सहयोग गर्नका लागी स्थानीय तहमा कार्य गरिरहेका मेलमिलापकर्ताहरूका लागी सुचिकृत गरि परिचालन गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त व्यवस्था अनुसार सुचिकृत भएका मेलमिलापकर्ताहरूका लागी बदलिदो परिवेशका बारेमा थप पुनर्ताजगी गर्ने उद्देश्यका साथ ३ दिने तालिम सञ्चालन गरिएको थियो ।

न्यायिक समितिबाट लैङ्गिक हिंसा सम्बन्धी १६ दिने अभियानको क्रममा यस नगरपालिकामा निर्वाचित महिला जनप्रतिनिधि र सूचिकृत मेलमिलापकर्ताहरूको लागि मिति २०८० मङ्सिर २६ गते १(एक) दिने कानुन सम्बन्धी सचेतना कार्यक्रम आयोजना गरिएको थियो ।